# ज्योतिष ग्रन्थ "त्यो मत्यो" र त्यसमा परेको ने.सं. ४४३ को टिपोट

योगेश राज

## १. नेपालका हस्तलिखित ज्योतिष ग्रन्थहरू

हस्तलिखित ग्रन्थहरूको नेपालको सबैभन्दा ठूलो संग्रहकर्ता राष्ट्रिय अभिलेखालयले प्रकाशित गरेको ज्योतिष विषयक ग्रन्थसूचीमा ७०१ वटा ग्रन्थहरू परेका देखिन्छन्।[१] यसमा लिपि वा भाषाले नेवारी भन्न सकिने १४६ शीर्षकका २५५ थान ग्रन्थ रहेको पाइन्छ। यस सूचीमा उल्लेखित सबैभन्दा पुरानो ग्रन्थ ने.सं. १९२ को **वारिशास्त्रम्** हो। केही समय अगाडि त्रिभुवन विश्वविद्यालय, शिक्षाध्यक्षको कार्यालयद्वारा गराइएको दुईवटा अनुसन्धानबाट राष्ट्रिय अभिलेखालयमा भेट्टाइएका कूल १७४५ वटा नेवारी ग्रन्थ मध्ये ज्योतिष विषयक जम्मा ११४ वटा ग्रन्थ पाइएका छन्। त्यसमध्ये संवत् खुलेका ४९ वटा छन् भने सबैभन्दा पुरानो चाहिँ ने.सं. ५४८ को **ज्योतिराजकर्ण** देखिन्छ।[२]

यसबाहेक राष्ट्रिय पुस्तकालय, केशर पुस्तकालयमा पनि केही ज्योतिष विषयक ग्रन्थहरू रहेको कुरा तत्तत् स्थानका ग्रन्थसूचीहरूको अध्ययनबाट स्पष्ट हुन्छ।

निजी क्षेत्रमा नेपालको सबैभन्दा ठूलो हस्तलिखित ग्रन्थको संग्रह भनिने आशा सफूकुथिमा चाहिँ कूल १६९ वटा ज्योतिष ग्रन्थहरू रहेको देखिन्छ। त्यसमध्ये संवत् खुलेका ५५ वटा ग्रन्थहरूमध्ये सबैभन्दा प्राचीन चाहिँ ने.सं. ७२० को ज्योतिषफल हो। यसको भाषा संस्कृत, नेपालभाषा टिपिएको छ।[३]

## २. टिपोट गरेको ग्रन्थ परिचय

यो ग्रन्थ आशा सफूकुथिको रनिङ नम्बर २६१२ I तथा विषयगत सूचीमा ज्योति-६६ मा दरिएको **'त्योमत्यो'** शीर्षकको ज्योतिष विषयक ग्रन्थ हो। थ्यासफूको रूपमा रहेको यस ग्रन्थमा प्रचलित नेपाल लिपिमा लेखिएको नेपाल भाषा (नेवारी) प्रयोग भएको छ। ग्रन्थमा जम्मा ३० पृष्ठ रहेका देखिन्छन् र ग्रन्थ अपूरो रहेको कुरा सफूकुथिको वर्णनात्मक सूचीमा उल्लेख गरिएको छ (वैद्य, १९९१: १५४)। ग्रन्थको अन्तिम दुई हरफमा ४ वटा ऋतुमध्ये तीनवटाको मात्र नाम उल्लेख परेर वाक्य टुंगिन गएकोले ग्रन्थ अपूर्ण रहेको तथ्य विश्वसनीय देखिन्छ। ग्रन्थमा ने.सं. ४४३ को एउटा

*Contributions to Nepalese Studies*, Vol. 25, No. 1 (January 1998), 85-109
Copyright © 1998 CNAS/TU

टिपोट परेकोले र सो टिपोटले पूर्वमध्यकालिक नेपालको एउटा ऐतिहासिक विवाद/अस्पष्टता टुंग्याउन सहायक हुन सक्ने देखिएकोले यो ग्रन्थको महत्व स्पष्ट देखिन्छ। त्यस बाहेक ज्योतिष शास्त्र सम्बन्धी मध्यकालको ज्ञान एवं त्यसको प्रचार आक्न पनि यो ग्रन्थ अध्ययन गर्न उपयुक्त हुने देखिन्छ।

ग्रन्थका कुनै पनि पृष्ठमा पृष्ठ संख्या नदिइएकाले आदि, अन्त कहाँनेर भयो देखिादैन। थ्यासफूको रूपमा ग्रन्थ रहेकोले पृष्ठक्रम भने संदेहातीत नै छ। ग्रन्थका पहिला दुइ पृष्ठ र तेश्रो पृष्ठको पहिलो हरफसम्म *सिद्धिकर्म, गृहप्रवेश, दिव्यादिन, मेखराबंधन, शिवस्थापना, त्रिपुरूखकर्म* तथा *तुलसी* टिप्ने जस्ता काम गर्न हुने नहुने मुहूर्त बेलाको उल्लेख गरिएको छ। पृष्ठ ३ देखि पृष्ठ ६ सम्म *अष्टविंशति योग*को तालिका दिइएको छ। पृष्ठ ७ देखि पृष्ठ ९ सम्म *सिद्धियोग, मृत्युयोग, अमृतसिद्धियोग, आनन्दयोग, ग्रह जन्म, दसोहोरा*को परिभाषा दिइएको छ। पृष्ठ १० मा ने.सं. ४४३ को टिपोटको साथसाथै तिथिलाई पाँच वर्गमा बाँडिएको तालिका देख्न सकिन्छ। पृष्ठ ११ र १२ मा *भावफल* तालिकाबद्ध गरिएको छ। पृष्ठ १३ र १४ मा लेखिएको कुरा अस्पष्ट नै रहेको छ भने पृष्ठ १५ देखि पृष्ठ २१ सम्म दिनमान र रात्रिमानका *अष्टमांश बारबेलाफल* दिइएका छन्। पृष्ठ २२ र २३ मा आठ दिशाको नाम तथा त्यस दिशाका देवीहरू एवं तिनको पूजा अर्चनाका (?) तिथिहरू उल्लेख भएका छन्। पृष्ठ २४ र २५ मा चारदिशा र दिशा पिच्छैका राशिहरू पनि उल्लेख गरिएको छ। पृष्ठ २६ र २७ मा दिशागमनका शुभ अशुभ साइत बेसाइत बेला दिइएको छ। पृष्ठ २८ को पाँचौं हरफपछि *(स्वक) केबा* उभ्याउने र त्यसपछि पृष्ठ २९ को तेश्रो हरफसम्ममा ढाल्ने कामको मुहूर्त भनेको देखिन्छ। त्यस्तै पृष्ठ २९ को हरफ २ मा बीउ रोप्ने मुहूर्त लेखिएको छ। ग्रन्थको अधिकांश भाग साइत बेसाइतकै कुरामा खपेको देख्ता कतै उल्लेख नभए तापनि ग्रन्थको शीर्षक **'त्योमत्यो'** राखिनु उचितै देखिन्छ। ग्रन्थको देवनागरी लिप्यन्तरण परिशिष्ट १ मा दिइएको छ।

## ३. ग्रन्थमा परेको टिपोट र त्यसको प्रामाणिकता

प्रस्तुत ग्रन्थको पृष्ठ १० मा परेको ऐतिहासिक टिपोट यो हो–

१. १ सम्बट् ४४३ पौष शुक्लया नओमि शनिचरबाल थ्व कुन्हु श्री २ हरिसिंह

२. देब सिमांगरन षप द्वहा बिज्याक दिन जुरो।। शुभ।।

टिपोटको नेपाली अनुवाद यस्तो हुन्छ–

संबत् ४४३ पौष शुक्ल नवमी शनिश्चर बार यो दिन श्री २ हरिसिंहदेव सिम्रौनगढबाट भक्तपुर प्रवेश गर्नुभएको दिन भयो।। शुभ।।

यस टिपोटको विश्वसनीयता ग्रन्थको रचनाकालमा भर पर्ने कुरा स्पष्ट छ। ने.सं. ४४३ को टिपोट परेर पनि प्रस्तुत ग्रन्थ त्यति पुरानो होइन भन्ने तथ्य ग्रन्थको स्वरूप र प्रयुक्त लिपिले ईंगित गर्दछ। अहिलेसम्म पाइएका ने.सं. ५०० पूर्वका सबैजसो ग्रन्थहरू ताडपत्रमा लेखिएका र तिनमा भुंजिमोल वा रञ्जना लिपिको प्रयोग भएको देखिएकोले त्यसो भन्नु परेको हो।

प्रस्तुत ग्रन्थको रचनाकाल निक्यौंल गर्न यहाँ भाषिक अध्ययन गरिएको छ (परिशिष्ट २ हेर्नुहोस्)। यहाँ प्रयुक्त अध्ययन विधिलाई "भाषिक अन्तः साक्ष्य" नाउँ दिनु उपयुक्त हुनेछ, जुन निम्न दुइवटा प्रस्थापनामा आधारित छ-

क) ग्रन्थमा प्रयोग गरिने शब्द संग्रह ग्रन्थ रचनाकालको प्रचलित शब्दावलिभित्र पर्दछन्।

ख) कुनै शब्दको हिज्जे दुई ग्रन्थमा समान भेटिन्छ भने

१. त्यो शब्द त्यस भाषिक समुदायको स्थिर-पवित्र शब्दावलि भित्र पर्दछ, अथवा

२. ती दुई ग्रन्थ समकालिक रचना हुन्।

प्रस्तुत ग्रन्थमा प्रयुक्त अधिकांश शब्दको स्वरूप आरम्भिक उत्तरमध्यकालको देख्न सकिन्छ। यताबाट यो ग्रन्थको रचना ने.सं. ६०० आसपास भएको हुनुपर्ने अनुमान गर्ने बलियो प्रमाण फेला पर्दछ।

## ४. टिपोटको महत्व

पूर्वमध्यकालको इतिहासमा रहेका मतमतान्तारहरूमध्ये राजा हरसिंहदेवको नेपाल खाल्डो प्रवेश पनि एक हो। शक १२४५ को शिशिरमा (अर्थात् ने.सं. ४४३ पौष शुदि ९ रविवार) गयासुद्दीन तुगलकको फौजले सिम्रौनगढ ध्वस्त पारिदिएपछि हरसिंहदेव सपरिवार पहाडतिर पसेको कुरामा उत्तिको विवाद देखिँदैन (लेवीः २०४०, ४१)। ने.सं. ४४६ माघ शुदि ३ को दिन उल्लेख गरी सिम्रौनगढ ध्वस्त पारिएको र राजा मन्त्री सबै उठी भागेको कुरा गोपालराजवंशावलीमा भेटिन्छ (पत्र ४६)। यसै मिति अन्तर्गतको एउटै अनुच्छेदमा केही कालपछि (सिम्रौनगढ?) पसेको र केही कालपछि राजग्राम दोलखामा आउँदा टिंपाटमा राजा हरसिंहदेवको मृत्यु भएको एवं यिनका छोरा, मन्त्री दुवै कैद गरिएको, परिवार पनि समातिएको र राजग्रामका मझि भारोले जम्मै धन हात लगाएको कुरा पनि उल्लेख गरिएको छ। यस टिपोटका आधारमा हरसिंहदेवले आफ्नो राजधानी फेरि हात पार्ने प्रयत्न गर्दागर्दै टिंपाटमा प्राण त्यागेको कुरामा थुप्रै इतिहासकारहरूले विश्वास गरेको देखिन्छ (वज्राचार्य आदि, २०१९: २३२-३६; नेपाल, २०५४: १६४; वज्राचार्य र मल्ल, २०४१: xvi। यो टिंपाट दोलखा भेगको एउटा ठाउँ हो भन्ने कुरा पनि विवादरहित मानिएको देखिन्छ (नेपाल, २०४०, परिशिष्ट छ)। तर सिम्रौनगढको विनाश र हरसिंहदेवको मृत्युको समय बीचको झण्डै डेढ वर्षमा उनी नेपाल खाल्डो पस्नै पाएनन् भन्ने कुरा नपत्याउने इतिहासकारहरू पनि भएका छन्

(पौडेल, २०२०: ३० पादटिप्पणी; मुनकर्मी, २०५५: ३०)। हरसिंहदेवको नेपाल प्रवेशलाई 'कथा' मान्ने इतिहासकारहरूले आफ्नो कुरा साबित गर्न गोपालराजवंशावलीको माथि उल्लिखित टिपोट अघि सारेका देखिन्छन्। साथै डोय वा तिरहुतले वि.सं. १३५६ देखि १३७० सम्मको अवधिमा पटक पटक नेपाल विजय गरेको तथ्यले पछिल्ला वंशावलिकार एवं मल्ल राजाहरूलाई उपरोक्त कथा पटक पटक दोहोर्‍याएर लेख्न प्रेरित गरे भन्ने विचार पनि व्यक्त गरेको देखिन्छ (नेपाल, २०५१-५२, २७-२८)। हरसिंहदेव नेपाल खाल्डो भित्र पसेका थिए भनेर बिचार्ने इतिहासकारहरूले पनि गोपालराजवंशावलीको सोही टिपोटमा परेको ग्वल शब्दलाई देउपाटन मानेर व्याख्या गरेका थिए (पेटेक, २०१४: ११२)। अहिले पेटेकले आत्मसंशोधन गरेको देखिएपछि (पेटेक, २०४०: ११५) हरसिंहदेव नेपाल पस्न नपाउँदै दोलखाको तीन पाटन भन्ने ठाउँमा स्वर्ग भए भन्ने पक्षमा बहुमत देखिएको छ। तर अहिलेसम्म प्रकाशमा नआएको यो ने.सं. ४४३ को टिपोटले गोपालराजवंशावलीको उपरोक्त टिपोटको नौलो व्याख्या गर्नुपर्ने भेटिएको छ।

## ५. टिपोटको प्रकाशमा नयाँ व्याख्या

शक १२४५ को शिशिरमा गयासुद्दीन तुगलकको फौजले सिम्रौनगढ ध्वस्त पारेपछि राजा हरसिंहदेव सपरिवार पहाड पसे। तिनको गन्तब्य नेपाल दून थियो। तात्कालिन भक्तपुरको त्रिपुर राजकुल देवलदेवीको माइत थियो। यताबाट संकट परेको बेला राजा हरिसिंहदेवले भक्तपुर आई सहायता लिन खोज्नु स्वाभाविक देखिन्छ। पौष शुक्ल नवमी शनिबारका दिन अथवा त्यो भन्दा केही दिन अघि ती भक्तपुर आइपुगे। प्रस्तुत टिपोट र परम्पराले यस कुराको पुष्टि गर्दछ।

केही कालपछि (निश्चय नै रूद्र मल्लको मृत्यु पूर्व नै) हरसिंहदेव पुनः सिम्रौनगढ प्राप्त गर्न दोलखा भएर तराई झरे तर सकेनन् र यो पल्ट पनि उनले पहाड पस्नु पर्‍यो। देवलदेवी सम्भवतः भक्तपुर मै रहिन्। गोपालराजवंशावलीको टिपोटमा रानी कैदमा परेको उल्लेख नहुनाले यस्तो अनुमान लाउन सकिन्छ।

केही कालपछि (संभवतः भक्तपुर आइपुग्ने उपक्रममा) दोलखा आइपुग्दा हारेका, थाकेका हरसिंहदेवको मृत्यु भयो। यिनका छोरा, मन्त्री कैद गरिए। राजग्रामका मझी भारोले जम्मै धन हात लगाए।

दोलखामा घटेको दुर्घटना विवरण भक्तपुर त्रिपुर राजकुलसम्म आइपुग्न केही समय अवश्य लागेको हुनुपर्छ। त्यसरी नै मृत राजाका छोरा र मन्त्रीलाई मझी भारोकहाबाट छुटाउने अभियानमा केही समय बितेको हुनुपर्छ। तिनलाई सकुशल भक्तपुर ल्याइपुर्‍याएपछि मात्र गोपालराजवंशावलीका वंशावलीकारले घटना विवरण टिप्नु संभव छ। यो टिपोटको दिन ने.सं. ४४६ माघ शुक्ल तृतीया थियो। यस्तो ऐतिहासिक

व्याख्या सत्यको नजिक पुगेको के बाट थाहा लाग्छ भने यस दृष्टिले उपलब्ध ऐतिहासिक साक्ष्यहरू बीच अहिलेसम्म रहिरहेको अन्तर्विरोध सुल्भिन्छ।

## सन्दर्भ ग्रन्थहरू


क. वृहत्सूचीपत्रम् ज्योतिष विषयक ग्रन्थसूची प्रथमो भाग, प्रकाशक वीर पुस्तकालय, वि.सं. २०१७

ख. हस्तलिखित ग्रन्थहरूको सूचीपत्र भाग ३, ज्योतिष विषयको खण्ड २, सम्पादक देवी प्रसाद भण्डारी, प्रकाशक नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०२२।

क. राष्ट्रिय अभिलेखालयस्थित नेपाल भाषा/नेवारी ग्रन्थ, लेखक जनक लाल वैद्य, प्रकाशक अनुसन्धान महाशाखा, शिक्षाध्यक्षको कार्यालय (त्रि.वि.), काठमाडौं। प्रथम परियोजना प्रतिवेदन वि.सं. २०४१। दोश्रो परियोजना प्रतिवेदन (अप्रकाशित)।

आशा सफूकुथिको हस्तलिखित ग्रन्थहरूको रनिङ सूची।

द गोपालराजवंशावली, सम्पादकहरू धनवज्र वज्राचार्य र कमल प्रकाश मल्ल, प्रकाशक फ्रान्ज स्टाइनेर फेर्लाग, विस्वादेन गेएम्बेहा. सं १९८५।

नेपाल, ज्ञानमणि, वि.सं. २०५१-२०५२, चौधौं श मा राजकाजमा रानीहरूक वर्चस्व, *प्रज्ञा* ८१ ख, ने.रा.प्र.प्र., काठमाडौं।

नेपाल, ज्ञानमणि, वि.सं २०५४, नेपालको पूर्वमध्यकालको इतिहास, ने.ए.अ. केन्द्र, कीर्तिपुर।

पेटेक, लुचिआनो, वि.सं. २०१४ (२०४०), मेडियभल हिष्ट्री अफ नेपाल, इस्मिओ, रोम।

भाषा वंशावली, भाग १, २, सम्पादकहरू नयनाथ पौडेल, देवी प्रसाद लम्साल, प्रकाशक नेपाल राष्ट्रिय पुस्तकालय, पुरातत्व विभाग, वि.सं. २०२०।

*महिरावणवध नाटक* जयत, सम्पादन ज्ञानमणि नेपाल, नेपाल र एशियाली अनुसन्धान केन्द्र, कीर्तिपुर, २०४०।

मुनकर्मी, लीलाभक्त, वि.सं. २०५५ नेपालका महिला शासकको भूमिका, *खोपृङ,* भक्तपुर विकास सहयोग संघ, काठमाडौं।

लेभि, सिल्वाँ, ई.सं. १९०५, ले नेपाल (तीन भागमा), प्राचीन नेपाल ७५ मा उद्धृत।

वज्राचार्य, धनबज्र र अरू, वि.सं. २०१९, इतिहास संशोधनको प्रमाण प्रमेय, पहिलो भाग, जगदम्बा प्रकाशन, ललितपुर।

वैद्यं, जनकलाल र कंसाकार, प्रेम बहादुर, ने.सं. ११११, आसा सफूकुथिया अभिलेख ग्रन्थया वर्णनात्मक धलः, च्वसापासा, यें, नेपाल।

## परिशिष्ट १

**<u>देवनागरीमा लिप्यान्तरण</u>**

पृ. १

१. सिद्धिकर्म्मयाय, थ्वतेसतेव॥ नक्षत्र॥ हस्त, पुष्य, चित्रा, स्वाति, अनुराध,

२. असुनि, रेवति, श्रवन, धणेष्ट, मृगशिरा,॥ बार,॥ बृहस्पति, श्वम, बुध॥ थ्व

३. ते दिस, सिद्धिकर्म्मयायतेव॥ ॥ छेतेर, थ्वतेदिनसतेव॥ नक्षत्र॥

४. हस्त, मु (?) र, पुष्य, धनेष्ट, पुनबसु, मघ, सतभिष स्वाति, लोहिनी, रेवति, श्र

५. वण, मृगशिरा॥ वाल॥ स्वोम, बुध, वृह, शनि,॥ थ्वतेदिनसगृहप्रवेसतेव॥

६. ॥ ॥ दिव्यादिनथ्वतेसतेव॥ नक्षत्र॥ शतभिष, पुष्य, अनुराध, मृगशिरा

७. रेवति, उत्रभद्रः। बाल। । आदित्य, अंगाल, बुधः। । थ्वतेसतेव॥ ॥ मेखरा

पृ. २

१. वंधनथ्वतेसतेव॥ नक्षत्र॥ हस्त, पूष्य, चित्रा, रेवति, स्वाति, असुनि, शवण, ज्ये

२. ष्ठ, पुर्ण्णवसु, धनेष्ठ॥ बाल॥ सोम, बुध, वृहस्पतिः॥ थ्वतेसकस्ता (?) विय तवदि

३. न॥ ॥ शिवस्थापनदिनथ्वतेसतेव॥ नक्षत्र॥ रोहिनि, मृगशिरा, उत्त पु

४. ष्ये, अनुराध, शतभिष, रेवती॥ बाल॥ बुध, शुक्र, वृहस्पति। थ्वतेदिन

५. स तेवे॥ ॥ त्रिपुरूखकर्म्मयायथ्वतेसतेव॥ नक्षत्र, पुनवशु, विशा

६. ष उत्त॥ बाल॥ अंगाल, बृहस्पति, शनिचल॥ ॥ तुसिङोयमतेव

७. दिन, थ्वतेस॥ एकादशि, अमास्याद्वादशि, चतुदशि, शंक्रान्ति। । वार। । अ

पृ. ३

१. दित्य, अष्टमि, थ्वतेसतुलाशिङोयमतेव॥ ७॥........॥

२. अस्ताविंसति जोग । ।

३. आ, श्व, अं, वु. वृ, शु, श

४. आन = अ, मृ, अ, ह, अ, उ, श धनराभ,

५. काल = भ, आ, म, चि, जो, अ, पु, राभ,

६. धुमो = कृ, पु, पू, स्वा, मु, श्र, उ धननास,

७. प्रज्ञा = रो, ष्ये, उ, चि, पु, ध, ले सुभ,

पृ. ४

१. सौम्व, मृ, अ, भ, अ, उ, श, अ, सिद्धि,

२. ध्वाज, आ, म, वि, ज्ये, अ, पु, भ, असुभ भय

३. ध्वज, पु, पू, स्वा, मु, श्र, उ, कृ, वर्स्तराभ,

४. श्रीव, ष्य, उ, वि, पु, ध, रे, ला रनराभ,

५. वज्र, अ, भ, अ, उ, श, अ, मृ, कथिन

| | | | |
|---|---|---|---|
| ६. | मुग | म, चि, ज्ये, अ, पु, भ, आ, | मृत्युभय |
| ७. | छत्र | पु, स्वा, मु, श्र, उ, कृ, पु, | सर्ष्टुनास |

पृ. ५

| | | | |
|---|---|---|---|
| १. | मित्र, | उ, चि, पु, ध, रे, रो, ष्य, | सर्व्वसिद्धि |
| २. | मान, | ह, अ, उ, श, अ, मृ, अ, | मानेच्चा ( ) राभ, |
| ३. | पद्म, | वि, ज्ये, अ, पु, भ, आ, म, | इस्तराभ, |
| ४. | अनं, | स्वा, मु, श्र, उ, कृ, पु, पू, | अर्थराभ |
| ५. | उत्या, | वि, पु, ध, रे, रो, ष्य, उ, | वचनराभ, |
| ६. | मृतु, | अ, उ, श, अ, मृ (?), अ, ह, | मृर्तुराभ, |
| ७. | काल, | ज्य, अ, पू, भ, आ, म, चि, | । लोगभय, |

पृ. ६

| | | | |
|---|---|---|---|
| १. | | पू, भ, आ, म, चि, ज्ये, अ, | आचाल, |
| २. | चल | उ, कृ, पु, पू, स्वा, मु, श्र, | प्रवेश, |
| ३. | त्विरे | रे, लो, उ, उ, वि, पू, ध, | सर्व्वराभ, |
| ४. | प्रवेस | आ, श्व, अ, वु, वृ, शु, श | |

पृ. ७

१. थ्वतेलातडावशिद्धियोगधाय।। हस्त, आदित्वाले, रोहि, सोमव, मूल,
२. व, अंगालव, मृगशिराव, वुधव, पुष्ये, वृहस्पतिव, श्रवणव, शुकव, मघ
३. व, शणिश्चलव, थ्वतेनषालातडावसिर्द्धिजोगधायः।। ।। थ्वतेनप
४. लातडावमृर्तुजोग।। अनराधव, आदित्यबालव, उत्राखाधव, स्वमव,
५. शतभिखव, अंगालव, असुशिव, वुधव, मृगशिराव, बृहस्पतिव, असल्ये
६. खव, शुक्रव, हस्तव, शणिश्चव,।। ।। थ्वतेलातडाव, मृर्तुयोगधायः।। ।।
७. थ्वतेलातडावअमृतसिर्द्धिजोगधाय।। आदित्यव, हस्तव, बृहस्पतिव,

पृ. ८

१. पुष्यव, बुधव, अनुराध, सनिश्चरव, रोहिनि, स्वमव, स्वातिव, शुक्रव, रेवति
२. अंगालव, आश्विव।। थ्वतेलातडावअमृतसिद्धिजोगधाय।। ।। थ्वतेलात
३. डाव आनंन्दजोगधाय।। असुणिव, आदित्यव, मृगशिलाव, सोमव, असल्यख
४. व, अंगालव, हस्तव, वुधव, अनुराधव, बृहस्पतिव, उत्राखाधव, शुक्रव, शतभि
५. खव, शणिचलव।। थ्वतेलातडाव, आनंन्द जोगधाय।। ।। थ्वतेग्रहजन्म
६. धाय।। भरणि, आदित्यबार, चित्रा, सोमबार, उर्त्तराष, अंगालबाल,
७. धनेस्था, वुधबार, उ(त्त) रफाल्गु, बृहस्पतिवाल, ज्येष्ठा, शुक्रवार, रेव

पृ. ९

१. शनैश्चरवार,।। थ्वतेनक्षत्रवारलातडावगृहजर्म्म।। ।। थ्व
२. तेलातडावदसोहोराधाय।। जेष्टशुक्रे, दशमि, हस्तणक्षत्रे, अं

३. गालवार,।। थ्वतेलातङावदशोहोरालाकधायः।। ।। श्रीग

४. णेसायनमः।। श्रीसलश्वत्यैनमः।। श्रीभवात्यैनमः।। शुभ।।

पृ. १०

१. **सम्बट् ४४३ पौषशुक्लयानओमिशनिचरवाल, थ्वकुन्हुश्री २ हरिसिंह**

२. **देवसिमांगरन षपट्ट्हाविज्याकदिनजुरो।। शुभ।।**

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | नन्द्रा | भद्र | जया | रिक्ता | पूर्ण्णा |
| ४. | प्र | छि | तृ | च | पं |
| ५. | ष | स | अ | न | द |
| ६. | ए | द्व | त्र | व | पू |

पृ. ११/१२

| | | | | | |
|---|---|---|---|---|---|
| लाज्ञाविलाधं | महात्रासं | निस्हलं | रोज्ञाविराधं | महात्रासं | निम्फलं |
| अर्थसंपत्ति | वा शु ई पं. () वायु ने द्व आ | दुदिनं | मूर्द्वसे मृत्यु | छि (?) वा | अर्थलाभं |
| वंधुदर्शनं | लाभं | वषर्श | वारकमृत्व | नृपमरनं | प्रियदर्शनं |




| | | | | | | |
|---|---|---|---|---|---|---|
| आज्ञावियदं | महात्रासं | निस्फलं | आगमनं | पुत्रराभं | निस्फलं | |
| गभदुषनं | छिवा | स्त्रीलाभं | शुह्रदं | (?) | वा | शिवं |
| नृपनभित | मद्यनिलं | धनलाभं | आल | (?) | मशिववा | महाशिवं |

पृ. १३/१४

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | १० | १२ | अंगुष्टादौविजानी | ८ | २ |
| सु | चं | आ | चा देकदिकतिथि | | |
| ४ | ५ | ७ | संख्यया २ तर्ज्जनीद्वि | | |
| वु | वृ | स | नस रूद्रात्या मघमा | | |
| २ | ३ | १ | ४ अश्विन | | |

सो प आ

पृ. १५

| | | | |
|---|---|---|---|
| १. | अं रोगवेरा, घति | ४ | वु रा - - - घति |
| २. | आ उदगवेरा, घति | ४ | आ उदग, वेरा, घति |
| | दिनवेला, थ्व। । | | रात्रिवेरा, स्व। । |
| ३. | चं १ अमृत्र, बेरा, घति | ४ | चं अमृ, बेरा, घ |
| ४. | श काल बेरा, घति | ४ | शु चल, बेरा, घ |
| ५. | वृ - सु, भव्यला, घति | ४ | अं रोग, वेरा, घ |
| ६. | अं रोग बेरा, घति | ४ | श कार, वेरा, घ |
| ७. | आ उ देग बेरा, घति, | ४ | वु राभ, बेरा, घ |

पृ. १६

| | | | |
|---|---|---|---|
| १. | शु चल वेरा, घति | ४ | आ उदेग, वेरा, घ |
| २. | राभबेरा, घति | ४ | वृ शुभ, वेरा, घ |
| ३. | अष्टबेरा, घति | ४ | चं अमृ, बेरा, घ |

पृ. १७

| | | |
|---|---|---|
| १. | दिनबेरा।। अं।। | १ रात्रिबेरा।। अं।। |
| २. | अं रोग।। बेरा।। घति।। | अं रोग।। बेरा।। घति।। |
| ३. | आ उदे।। बेरा।। घति।। | श काल।। बेरा।। घति।। |
| ४. | शु चर।। बेरा।। घति।। | वु राभ।। बेरा।। घति |
| ५. | वु राभ।। बेरा।। घति।। | आ उदे।। बेरा।। घति |
| ६. | चं अमृ।। बेरा।। घति।। | वृ शुभ।। बेरा।। घति |
| ७. | श काल।। बेरा।। घति।। | चं अमृ।। बेरा।। घति |
| ८. | वृ शुभ।। बेरा।। घति।। | शु चल।। बेरा।। घति |
| ९. | अं रोग।। बेरा।। घति।। | अं रोग।। बेरा।। घति।। |

पृ. १८

| | | |
|---|---|---|
| १. | १ दिन बेरा।। वुध।। | रात्रिबेरा।। वुध।। |
| २. | २ वु शभ।। घति। बेरा।। १ | वु राभ।। बेरा।। घति।। |
| ३. | ३ चं काल।। बेरा।। घति।। ३ | आ उदे।। बेरा।। घति।। |
| ४. | ४ वृ रोग।। बेरा।। घति।। ४ | वृ शुभ।। |
| ५. | ५ अं उदे।। बेरा।। घति।। ६ | चं अमृ।। |
| ६. | ६ आ चल।। बेरा।। घति।। ७ | शु चर।। |
| ७. | ७ शु राभ।। बेरा।। घति।। ८ | श कार।। |
| ८. | वु १ अमृ।। बेरा।। घति।। २ | वु राभ।। |

पृ. १९

| | | |
|---|---|---|
| १. | दिन बेरा॥ वृ॥ | रात्री बेरा॥ वृ॥ |
| २. | वृ शुभ॥ बेरा॥ घति | वृ शुभ॥ बेरा॥ घति |
| ३. | अं रोग॥ | चं अमृ॥ |
| ४. | आ उदे॥ | शु चल॥ |
| ५. | शु चर॥ | अं रोग॥ |
| ६. | वु राभ॥ | श काल॥ |
| ७. | चं अमृ॥ | वु राभ॥ |
| ८. | श काल॥ | आ उदे॥ |
| ९. | वृ शुभ॥ | वृ शुभ॥ |

पृ. २०

| | | |
|---|---|---|
| | दिन बेरा॥ शु॥ | रात्रिबेरा॥ शु॥ |
| १. | शु चल॥ बेरा॥ घति॥ | शु (?) चर॥ बेरा॥ घति॥ |
| २. | बु राभ॥ | अं- रोग॥ |
| ३. | चं अमृ॥ | श कार॥ |
| ४. | श काल॥ | वु राभ॥ |
| ५. | वृ शुभ॥ | आ उद॥ |
| ६. | अं रोग॥ | वृ शुभ॥ |
| ७. | आ उदे॥ | चं अमृ॥ |
| ८. | शु चल॥ | शु चर॥ |

पृ. २१

| | | |
|---|---|---|
| १. | दिन बेला॥ श॥ | रात्रिबेरा॥ श॥ |
| २. | श काल॥ बेरा॥ घति॥ | श कार॥ बेरा॥ घति |
| ३. | वृ शुभ॥ | वु राभ॥ |
| ४. | अं रोग॥ | आ उदे॥ |
| ५. | आ उदे॥ | वृ शुभ॥ |
| ६. | शु चर॥ | चं अमृ॥ |
| ७. | वु राभ॥ | शु चर॥ |
| ८. | चं अमृ॥ | अं रोग॥ |
| ९. | श काल॥ | श काल॥ |

पृ. २२/२३

पृ. २४/२५

पश्छि॥
मिथु॥
तुरा॥
कुभ॥

| | | |
|---|---|---|
| दखि॥ | | उत्र॥ |
| वृष॥ | चंन्द्र | कक्कर्क॥ |
| कन्या॥ | दिन | विछ॥ |
| मक्र॥ | थ्वते | मिन॥ |

पूव्व॥
मेष॥
सिह॥
धनु॥

पृ. २६

१. १ थ्वतेदिणबवाणेनेचोः॥ ॥ अंगावालण, पूर्व्ववाणे, राभद
२. यूव॥ स्वमवाल, आदित्यवारन, दखिनवाणे, काजशिधजुयि
३. व॥ वुधवाल, वृहस्पति, वालण, पश्छिमवाणे, राभदयुव॥
४. शनिचवाल, शुक्रवालन, उत्रवाणेसुभजुयुः॥ शुभ॥

पृ.२७

१. १ थ्वतेतिठिसगामवानेमतेव॥ पादु, नवमि, पूर्व्ववाणेमतेव॥ दिति
२. या, दसमि, उत्रवाणेमतेव, तृतिया, एकादशि, आग्नेनवाणेमतेव॥
३. चतुदशि, द्वादशि, नै लृत्येवाणेमतेव॥ पंचमि, त्रयोदशि, दखिनवाने
४. मतेव॥ षष्टमि, चतुथ्यापछिमवानेमतेव॥ सप्तमि, पूर्ण्णमशि, वायु
५. व्यवाणेमते॥ अमावास्या, अस्तमिइसानवाणेमतेव॥ थ्वतेवालन, थ्वपाक्ष
६. दोस्वयाववाणेमतेव॥ ॥ शनिचल, श्वमवालर, पूर्व्ववाणेमतेव। वुधबा
७. ल, अंगावाल, उत्रवाने, मतेव॥ आदित्यवाल, शुक्रवार, पश्छिमवाणेमते

पृ. २८

१. व॥ वृहस्पतिवालन, दक्षिण, वानेमतेव॥ ॥ कालथ्वदिगसचोनाध
२. कंशिय, थ्वतेन॥ ॥ गुगुलिवालजुरं, उगुलिकालनं, पूर्व्वदिगतोननिस्यं
३. दखिनदिगदोनिस्ययने, गनासनिचलवालराताअनकालचोनि

४. व॥ ॥ इशानदिगछगुछलिस, त्याखयामद्व इसानदिगहाका
५. जाचावनिपमदु॥ ॥ केवाथानेदिन॥ नक्षत्र, मघ, मृगशिरा, लो
६. हिनि, हस्त, स्वाति, मूल, अनुराध, उत्रभद्र, उत्राखाध, रेवति॥ वारथ्वते। ।
७. आदि, वुध, वृह, शुक्र, शनि, थ्वतेदिनस, स्वकथानेतेवदिन॥ ॥ केवा

पृ. २९

१. कोकायदिनथ्वतेसतेव॥ नक्षत्र, थ्वति, मृगशिरा, जेष्ट, रेवति, पू
२. र्ण्णवशु, हस्त, श्रवण॥ वाल, वुध, वृहस्पति, शुक्र॥ थ्वतेदिनसकोकाय
३. तेव॥ ॥ विजरोपयायथ्वतेस॥ हस्त, पुष्ये, धणेष्ठ, अनुराध. ज्येष्ठ, मृग
४. शिरा, असूनि, मघ, मूर, लेबति॥ वालः श्वम, वुध, वृहस्पति, शुक्र, आदि
५. शनीचलः॥ ॥ थ्वते रितुकाल॥ मक्र, कुंभ, शिशिलकाल॥ कन्या, तुला
६. शरदका॥ विछ, धनू, हेमन्तकाले॥ ॥ थ्वतेराशिसथथेस, तुकालकू

## परिशिष्ट - २

| | ग्रन्थमा भेटिएका शब्दरूप (पृ.सं) | शब्द विकास क्रम (नेपाल संवत्) |
|---|---|---|
| क १. | असुनि (१), असुशि (७), असुणि (८), असुनि (२९) | - अश्रुनि (५०१) अश्विनी (५०६) अश्वनि (७१८) |
| २. | अनुराधा (१), अनुराध (१,२) | - अनुराधा (५०६) |
| ३. | उत्रभद्र (१), उत्र (२) | - उत्रभद्र (५०१) उत्तरभद्र (८०३) |
| ४. | असल्येख (७), असल्यख (८) | - |
| ५. | उत्राखाध (७), उर्त्तराषाढ (८) | - |
| ६. | उत्तरफाल्गु (८) | - |
| ७. | धणेष्ट (१), धनेष्ट (१), धनेष्ठ (२) धनेस्था (८) धणष्ठ (२९) | - धनिस्त (५०१) धनेष्ठ (५०६) धनिष्ठ (७१८) |
| ८. | चित्रा (१) | - |
| ९. | पुष्य (१) पुष्ये (२) | - पुष्य (५०६) पुस्य (५९१) |
| १०. | पुनबसु (१) पुर्ण्णवसु (२) पुनवशु (२) पूर्ण्णवशु (२९) | - |
| ११. | ज्येष्ठ (२) ज्येष्ठा (८) जेष्ट (२९) | |
| १२. | भरणि (८) | - भरणि (५०६) |
| १३. | मघ (१) | - |
| १४. | मुर (१) मूल (७) | - |
| १५. | मृगशिरा (१) मृगशिला (८) | - मृगसिर (५०१) मृगशिर (५०६) (७१८) |
| १६. | रेवति (१) रेव (८) लेबति (२९) | - रेवती (७१८) |
| १७. | रोहिनि (२) लोहिनी (१) रोहिं (७) लोहिनि (२८) | - |
| १८. | बिशाष (२) | -बिशाष (५०१) बिशाख (७१८) |
| १९. | श्रवन (१) श्रवण (१) शवण (२) | - |
| २०. | हस्त | -हस्ड (७१८) |
| ख.१. | आदित्य (१) अदित्य (२) आदित् (७) आदि (२८) | -आदित्य (८०३) |
| २. | अंगाल (१) अंगा (२६) | -अंगार (५०६) |
| ३. | वुध (१) | -वुध (६२०) |

| | | |
|---|---|---|
| ४. | वृहस्पति (१) वृह (१) | - |
| ५. | शनि (१) शनिचल (२) शणिश्चल (७) शणिश्च (७) सनिश्चर (८) शणिचल (८) शनैश्चर (९) शनिचर (१०) शनिच (२६) सनिचल (२८) | -शनैशचर (५०६) शनिश्चर (७१८) सनि (६२०) |
| ६. | शुक्र (२) | -शुक्र (५०६) |
| ७. | श्वम (२) स्वोम (१) सोम (२) स्वमं (७) | - |
| ग.१. | मिथु (२४) | - |
| २. | तुरा (२४) तुला (२९) | -तुल्य (५०६) |
| ३. | कुंभ (२४) | -कुम्भ (५०६) |
| ४. | कर्क्क (२४) | -कर्क्कत (५०६) |
| ५. | विछ (२४) | - |
| ६. | मिन (२४) | -मीन (५०१) (५०६) |
| ७. | मेष (२४) | -मेष (५०१) (५०६) |
| ८. | सिह (२४) | - |
| ९. | धनु (२४) धनू (२९) | धनु (५०६) |
| १०. | वृष (२४) | - |
| ११. | कन्या (२४) | कन्या (५०६) |
| १२. | मक्र (२४) | -मकर (५०६) |
| घ.१. | एकादशि (२) | - |
| २. | अमास्या (२) | -अमावशि (५०१) अमावशि (५९१) अमावास्या (५९१) |
| ३. | द्वादशि (२) | - |
| ४. | चतुदशि (२) चतुशि (२२) | - |
| ५. | शंक्रान्ति (२) | - |
| ६. | अष्टमि (३) अस्तमि (२२) | - |
| ७. | दशमि (९) दसमि (२७) | - |
| ८. | नओमि (१०) नवमि (२२) | - |
| ९. | पुण्णिमासि (२२) | -पुनिसि (५०६), पुनीशि (५०१) पुणिसि (७१८) पूर्ण्णमासी (५९१) |
| १०. | पादु (२२) | -पादो (५५०) पादो (७१८) प्रतिपदा (७१८) |

| | | |
|---|---|---|
| ११. | तृतिया (२२) | – |
| १२. | पंचमि (२२) | – |
| १३. | त्रयोदसि (२२) | – |
| १४. | चतुथ्या (२२) | – |
| १५. | ष्ठति (२२) | – |
| १६. | दुतिया (२२) दितिया (२७) | – |
| १७. | षष्टमि (२७) | – |
| ङ.१. | सिद्धिकर्म्म (१) शिद्धि (७) | –सिद्धि (५०१) सिद्धि (५५०) |
| २. | मेखरा (२) | – मेख ला (५०६) मेखला (५९१) |
| ३. | कस्ता (२) | – |
| ४. | तुरसि (२) तुलशि (३) | – |
| ५. | त्रिपुरूख (२) | –त्रिलिङ्ग (५०१) |
| ६. | कर्म्म (२) | –कर्म (५०६) कर्म (५९१) कर्म्म (८२०) |
| ७. | केबा (२८) | –केवं (७१८) केबा (८२०) केब (८३१) |
| ८. | गाम (२७) | –गाम (५०१) गाम (५५०) गाम (६२०) |
| ९. | पाक्ष (२८) | –पाख (५०६) |
| १०. | मृर्तु (७) | – |
| ११. | जन्म (८) जर्म्म (९) | –जर्म (५०१) जन्म (५९१) जन्मभूमि (७१८) |
| १२. | दसोहोरा (९) दशोहोरा (९) | – |
| १३. | शिशिल (२९) | – शिशिर (७१८) |
| १४. | छेतेर (१) | – |
| च.१. | तेव | –तेव (५०६) तेवो (८३२) |
| २. | विय (२) | – |
| ३. | डोय (२,३) | –डोसें (५५०) डोकं (६२०) डोया (५५०) |
| ४. | धाय (७) | –धाया (५०१) धाय (५०१) धाये (५९१) धायाव (८३१) |
| ५. | नपा लातडाव (८) | – |
| ६. | लातडाव (८) | –लाडा (५०६) लात: (८२०) लाडा (५९१) |
| ७. | द्रहा (१०) | – |
| ८. | विज्याक (१०) | – |
| ९. | दयूव (२६) | –दवु (५०१) दव (५०६) |
| १०. | वाणे (२७) वाने (२७) | – |
| ११. | चोना (२८) | –चोना (८२०) |


| | | |
|---|---|---|
| १२. | धकं (२८) | -धकं (५०६) धकं (७१८) धक (८३१) धकाव (८३१) |
| १३. | शिय (२८) | - |
| १४. | जुरं (२८) | -जुरं (५०६) जुरं (८०३) |
| १५. | थने (२८) | -थने (७१८) |
| १६. | चोनिव (२८) | -चोनयु (८२०) |
| १७. | थाने (२८) | - |
| १८. | कोकाय (२८) | - |
| १९. | रोपयाय (२९) | - |
| २०. | यने (२८) | - |
| छ.१. | नन्द्रा (१०) | -नंन्दि (५०६) |
| २. | भद्रा (१०) | - |
| ३. | जया (१०) | -जया (८०३) |
| ४. | रिक्ता (१०) | - |
| ५. | पूर्ण्णा (१०) | - |
| ६. | लाज्ञाविलाधं (११-१२) रोज्ञाविराधं (११-१२) आज्ञाविपदं (११-१२) | - |
| ७. | महात्रास (११-१२) | - |
| ८. | निस्हलं (११-१२) निस्फलं (११-१२) | -निस्फल (५०६) निस्फल (७१८) निस्फल (८२०) |
| ९. | लोग (५) (११-१२) | -रोग (५०६) रोग (७१८) रोय (८३१) |
| १०. | दुदिनं (११-१२) | - |
| ११. | अर्थसंपत्ति (११-१२) | -अर्थ (५०६) |
| १२. | वषर्श (११-१२) | - |
| १३. | वारकमृत्तु (११-१२) | - |
| १४. | पुत्रराभं (११-१२) राभ (१५) | -लाभ (५०६), लाभ (७१८) |
| १५. | गभदुषनं (११-१२) | -दुष (५५०), दुषरपय (५०१) |
| १६. | छिवा (११-१२) | - |
| १७. | शुह्रदं (११-१२) | -ह्रिय (८२०) |
| १८. | मघानिलं (११-१२) | |
| १९. | जमशिववा (११-१२) | -जम (५०६) जमराज (८० |
| २०. | बेरा (१५) | -बेराकार (७१८) बेरा (८० (८२०) |
| २१. | घति (१५) | -घटि (५०१) घरि (८०३) |


| | | |
|---|---|---|
| २२. | कार (१५) काल (१५) | -काल (५०६) काल (६२०) काल (८२०) |
| २३. | देग (१५) | |
| २४. | उदग (१५) उदेग (१६) उदे (१७) | -उद्‌योग (५०६) उद्योग (७१८) |
| २५. | उत्र (२२-२३) | -उत्रभद्र (५०१) उत्रायण (८०३) |
| २६. | नैलृत्य (२२-२३) | - |
| २७. | पछिम (२२-२३) परिछ (२४-२५) पश्छिम (२६) | -पश्चिम (५५०) पश्चिम (८०३) |
| २८. | दखिन (२२-२३) दखि (२४-२५) | -दक्षिणायन (५०६) दक्षिण (५९१) दक्षिण (७१८) |
| २९. | आने (२२-२३) आग्नेन (२७) | - |
| ३०. | पूर्व्व (२२-२३) पूव्व (२४-२५) | - |
| ३१. | दिन (१५) दिण (२६) | -दिन (५०६) दिन (८२०) |
| ३२. | काज (२६) | -कारज (५०६) कार्ज (५५०) काज (५९१) काज (५०१) |
| ३३. | शिध (२६) | सिधयु (५०१) सिधौ (५०६) सिध (५९१) |
| ३४. | तिठि (२७) | -तिथि (५०६) तिथि (५९१) तिथि (७१८) |


\+ शब्द विकास क्रममा कोष्ठभित्र दिइएका संख्या नेपाल सम्वत् हुन्। अश्रुनि (५०१) भन्दा ने.सं. ५०१ मा रचिएको अमरकोषमा अश्रुनि शब्द भेटिएको छ भनेर बुझ्नु पर्दछ। परिशिष्टमा कालक्रम उल्लेखित शब्दका दुई श्रोत प्रमुख रहेका छन्।


क. च्वसापसाद्वारा निर्माणाधीन प्राचीन नेपाल भाषा शब्दकोशको सामग्री जसको लागि लेखक च्वसापासाप्रति र शब्दकोष निर्माण समितिप्रति कृतज्ञ छ।


ख. हायुन्स जोर्गेसनद्वारा सम्पादित प्राचीन नेपाल भाषा शब्दकोष।

























| नन्दा | भद्रा | जया | रिक्ता | पूर्णा |
|---|---|---|---|---|
| प्र | द्वि | तृ | च | पं |
| ष | स | अ | न | द |
| ए | द्वा | त्र | च | पू |










2612 I







১দিনবরা॥বুধ॥
১ বু ১বোর॥ঘটি॥বরা॥১
২ বৃ কোল॥বরা॥ঘটি॥২
৩ গ ১শুক্র॥বরা॥ঘটি॥৪
৪ বৃ রোগ॥বরা॥ঘটি॥৫
৫ বৃ উদ্দ॥বরা॥ঘটি॥৬
৬ শু ১বেল॥বরা॥ঘটি॥৭
৭ গু ১বোর॥বরা॥ঘটি॥৮
৮ বু ১অমৃ॥বরা॥ঘটি॥৭

১রাত্রিবরা॥বুধ॥
বু ১বোর॥বরা॥ঘটি॥
শু ১উদ্দ॥বরা॥ঘটি॥
বৃ ১শুক্র॥
বৃ ১অমৃ॥
গু ১বেল॥
শু ১রোগ॥
গ ১কোল॥
বু ১বোর॥

১দিনবরা॥বৃ॥
বৃ শুক্র॥বরা॥ঘটি॥
শু ১রোগ॥
শু ১উদ্দ॥
গু ১বেল॥
বৃ ১বোর॥
বৃ ১অমৃ॥
গ ১কোল॥
বৃ ১শুক্র॥

১রাত্রিবরা॥বৃ॥
বৃ ১শুক্র॥বরা॥ঘটি
বৃ ১অমৃ॥
গু ১বেল॥
শু ১রোগ॥
গ ১কোল॥
বু ১বোর॥
শু ১উদ্দ॥
বৃ ১শুক্র॥

১দিনবরা॥গু॥
গু বেল॥বরা॥ঘটি॥
বু বোর॥
বৃ ১অমৃ॥
গ ১কোল॥
বৃ ১শুক॥
শু ১রোগ॥
শু ১উদ্দ॥
গু ১বেল॥

১রাত্রিবরা॥গু॥
গু বেল॥বরা॥ঘটি॥
শু ১রোগ॥
গ ১কোল॥
বু ১বোর॥
শু ১উদ্দ॥
বৃ ১শুক্র॥
বৃ ১অমৃ॥
গু ১বেল॥

১দিনবরা॥গ॥
গ ১কোল॥বরা॥ঘটি॥
বৃ ১শুক্র॥
শু ১রোগ॥
শু ১উদ্দ॥
গু ১বেল॥
বৃ ১বোর॥
বৃ ১অমৃ॥
গ ১কোল॥

১রাত্রিবরা॥গ॥
গ ১কোল॥বরা॥ঘটি॥
বু ১বোর॥
শু ১উদ্দ॥
বৃ ১শুক্র॥
বৃ ১অমৃ॥
গু ১বেল॥
শু ১রোগ॥
গ ১কোল॥

